**MITERI**
**Development Bank Limited**
**मितेरी डेभलपमेन्ट बैंक लिमिटेड**
(नेपाल राष्ट्र बैंकबाट ख वर्गको इजाजत प्राप्त वित्तिय संस्था)
कोशी प्रदेश कार्यक्षेत्र भएको
Banking and beyond

च.नं.:001/OP/174/082-83

मिति : २०८२/०७/१९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवारप्लाजा, काठमाडौ ।

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलीसडक, काठमाडौ ।

**विषय : २०औं वार्षिक साधारण सभा सम्वन्धी दोस्रो सूचना सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस बैकको २०औं वार्षिक साधारण मिति २०८२ मंसिर ६ गते शनिवार बस्ने व्यहोराको सार्वजनिक दोस्रो सूचना आज मिति २०८२/०७/१९ गतेको कारोवार राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको जानकारी सहित सूचनाको एक प्रति संलग्न गरी पठाईएको व्यहोर अनुरोध छ ।

**बोधार्थ :**
१. श्री प्रभु क्यापीटल लिमिटेड, कमलादि, काठमाडौ ।

भवदिय

(अनन्त कुमार चापगाँई)
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

Miteri Development Bank Head Office Dharan, Nepal

**Head Office**
Dharan-12, Mahendra Path, Sunsari, Nepal
Tel.: 025-536317, 538317
E-mail : info@miteribank.com.np
Website : www.miteribank.com.np

# MITERI Development Bank Limited
## मितेरी डेभलपमेण्ट बैंक लिमिटेड

Banking and beyond

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत-पत्र प्राप्त संस्था)

प्रधान कार्यालय: धरान १२, महेन्द्रपथ, धरान १२ सुनसरी, नेपाल फोन नं. ०२५-५३६३१७/५३८३१७
Email:- info@miteribank.com.np, Url: www.miteribank.com.np

को

# २० औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०७/१४ गते)

**श्री शेयरधनी महानुभावहरु,**

यस बैंकको मिति २०८२/०७/१३ गते बसेको सन्चालक समितिको २६५ औं बैठकको निर्णयानुसार निम्न लिखित विषय उपर छलफल गरी निर्णय गर्न यस बैंकको २०औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल र निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८२/०८/०६ गते

**समय** : बिहान ११:०० बजे ।

**स्थान** : सुनसरी उद्योग वाणिज्य संघ, धरान १, सुनसरी

**छलफल तथा निर्णयको लागि निर्धारित विषय सूचि:**

**क) सामान्य प्रस्तावहरु:**

१. संचालक समितिको तर्फबाट प्रस्तुत हुने अध्यक्षज्यूको आ.ब. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी प्रतिवेदन पारित गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको २०८२ असार मसान्तको वासलात, २०८१ श्रावण १ गते देखि २०८२ असार मसान्तसम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/०८३ को हरहिसाब लेखापरिक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. संचालक समितिले सिफारिस गरे बमोजिम शेयरधनीहरुलाई हाल कायम चुक्ता पूँजी रु.१,२१,७१,००,०००/- (अक्षरेपी एक अर्ब एक्काइस करोड एकहत्तर लाखको १०.०० प्रतिशतले हुन आउने रकम रु.१२,१७,१०,०००/- (बाह्र करोड सत्र लाख दश हजार मात्र) बराबरको नगद लाभांश (नगद लाभांशमा लाग्ने कर समेत) मात्र दिने प्रस्ताव स्वीकृत गर्ने ।

५. बैंकको नियमावली बमोजिम सर्वसाधारण शेयरधनीको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना संचालकहरुको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्तावहरु:**

१. मितेरी डेभलपमेन्ट बैंक लिमिटेड र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्बन्धमा :

अ) यस बैंक र अन्य कुनै एक वा सो भन्दा बढी उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्बन्धी सम्पूर्ण प्रक्रिया अवलम्बन गरी कार्य अघि बढाउन संचालक समिति तथा यस अन्तर्गतको मर्जर समितिलाई अख्तियारी प्रदान गर्ने ।

आ) एक आपसमा गाभ्ने र गाभिने प्रक्रियामा चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तय गर्ने लगायतको सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

२. नियमनकारी निकायबाट दिएको निर्देशन बमोजिम बैंकको प्रबन्धपत्र/नियमावलीमा कुनै व्यवसायिक उद्देश्यहरु थप वा संशोधन गर्नु परेमा त्यस्तो संशोधन गर्ने लगायतका अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

३. बैंकले गत आर्थिक वर्षमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तगत गरेको रु.१ लाख भन्दा बढिको खर्च अनुमोदन गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

संचालक समितिको आज्ञाले
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८२/०७/१४ गतेको नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना हेर्नुहुन अनुरोध छ ।**